नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड, २०७४

*कर्मचारी समायोजन ऐन, २०७४* बमोजिम समायोजन नभएसम्म निजामती सेवामा कार्यरत कर्मचारी तथा साविक स्थानीय निकायमा रही हाल स्थानीय तहमा समायोजन भईसकेका कर्मचारीलाई नेपाल सरकारबाट स्वीकृत स्थानीय तहको अन्तरिम *संगठन संरचना तथा कर्मचारी दरबन्दी र स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४* का आधारमा निम्नानुसारको मापदण्ड बमोजिम स्थानीय तहमा कामकाज गर्ने गरी खटाईनेछः

क. निजामती सेवामा कार्यरत कर्मचारीका लागिः

१. निजामती कर्मचारीलाई स्थानीय तहमा खटाउँदा नेपाल सरकारबाट स्वीकृत स्थानीय तहको अन्तरिम संगठन संरचना तथा कर्मचारी दरबन्दीका आधारमा स्थानीय तहका रिक्त पद र श्रेणी वा तहमा निजामती सेवाका कर्मचारीलाई खटाइनेछ ।

२. प्रकरण १ बमोजिम कर्मचारी खटाउँदा देहाय समेतको आधारमा खटाइनेछः

(क) कार्यरत पदको जेष्ठता,

(ख) कर्मचारीले रोजेको स्थानीय तह,

(ग) हाल स्थायी बसोबास भएको ठेगाना, सो नखुलेमा नागरिकताको प्रमाणपत्र वा कर्मचारीको सिटरोलमा रहेको स्थायी ठेगाना

(घ) माथि प्रकरण २(ग) मा भएको ठेगानाका आधारमा कर्मचारी खटाउँदा कर्मचारी उपलब्ध हुन नसकेमा अन्य गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशमा स्थायी बसोबास भएको कर्मचारीलाई खटाईनेछ ।

(ङ) माथि प्रकरण २(ग) अनुरुप कर्मचारीको ठेगाना रहेको स्थानीय तहमा आवश्यकता भन्दा बढी कर्मचारी भएमा अन्य गाउँपालिका वा नगरपालिकामा खटाईनेछ ।

(च) प्रदेश मुकाम वा जिल्ला सदरमुकाममा स्थायी ठेगाना भएका कर्मचारीलाई सो प्रदेश वा जिल्ला भित्रका कुनै स्थानीय तहमा खटाउन प्राथमिकता दिइनेछ ।

(छ) निजामती कर्मचारीको पति पत्नीलाई यथासंभव एकै स्थानीय तह, जिल्ला भित्र वा नजिकैको स्थानीय तहमा पर्ने गरी खटाउन प्राथमिकता दिइनेछ ।

३. जिल्ला समन्वय अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतमा खटाउँदा देहायका थप आधारहरू लिईनेछः

(क) कर्मचारीले विगतमा काम गरेका कार्यालयको प्रकृति र कार्यजिम्मेवारी,

(ख) हाल कर्मचारी कार्यरत रहेको कार्यालयमा निजको कार्य अवधि,

(ग) कर्मचारीको कार्य सम्पादन एवं कार्य अनुभव

४. एक वर्ष भन्दा कम उमेरको शिशु भएकी महिला कर्मचारी तथा नेपाल सरकारले निर्धारण गरेका कडा रोग लागेका कर्मचारीलाई खटाउँदा निजको चाहेको स्थानमा खटाउन प्राथमिकता दिईनेछ ।

५. राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई नेपाल सरकारले आवश्यकता अनुसार खटाउन सक्नेछ ।

६. स्थानीय तहमा कार्यरत वा खटिने कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम तोकिएको अवधि व्यतित नभई केन्द्र, प्रदेश वा जिल्ला तहका कुनै पनि निकायमा खटाइने वा काजमा राखिने छैन।

७. कामकाज गर्न खटाइएको कर्मचारी प्रचलित कानून बमोजिम रमाना लिई बरबुझारथ समेत गरी तोकिएको कार्यालयमा हाजिर भए नभएको सम्बन्धमा जिल्ला समन्वय समितिले समन्वय र अनुगमन गर्ने र सोको जानकारी सम्बन्धित मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. यस मापदण्ड बमोजिम स्थानीय तहमा कर्मचारी खटाउँदा समेत स्थानीय तहको पदपूर्ति हुन नसकेमा संघीय सरकारी सेवाका कर्मचारीलाई खटाई स्थानीय तहको पदपूर्ति गर्न प्राथमिकता दिइनेछ ।

९. केन्द्रीय स्तरबाट स्थानीय तहमा कर्मचारी खटाउँदा गाउँ तथा नगर कार्यपालिकाको कार्यालयमा खटाइनेछ । यसरी खटिएका कर्मचारीलाई स्थानीय तहले आफू अन्तर्गत खटाउँदा वडा कार्यालयमा रहेको रिक्त दरबन्दी पूर्ति गरिसकेपछि मात्र गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालयमा खटाउनु पर्नेछ ।

१०. विभिन्न सेवा समूह सञ्चालन गर्ने निकायले स्थानीय तहमा कर्मचारी खटाउँदा यस मापदण्डका मुलभूत व्यवस्थाको प्रतिकूल नहुने गरी यस मापदण्डमा तोकिएका आधारहरुको अतिरिक्त अन्य विषयगत आवश्यकता, अवस्था र आधार समेतलाई समेटेर थप मापदण्ड तयारी गरी कर्मचारी खटाउन सक्नेछ ।

११. यस मापदण्ड अनुरूप कर्मचारी व्यवस्थापन गर्ने क्रममा रिक्त स्थान र छनौटका आधार समेतलाई समेटी कर्मचारीलाई स्थानीय तह छनौटको अवसर उपलब्ध गराउने गरी सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

१२. प्रकरण १ बमोजिम स्थानीय तहमा खटिने कर्मचारीलाई यस मन्त्रालय एवं संघीय निकायबाट क्षमता विकास तथा वृत्ति विकासका विभिन्न अवसरमा प्राथमिकता दिइनेछ ।

१३. स्थानीय तहमा निजामती कर्मचारीलाई कामकाज गर्न खटाउँदा सम्बन्धित सेवा, समूह संचालन गर्ने निकायले सबै स्थानीय तहका निकायमा हाल कायम निजामती तर्फका रिक्त दरबन्दीको विवरण संकलन गरी आ-आफ्नो Website मार्फत बढीमा १५ दिनको म्याद दिई निवेदन माग गर्ने । यसरी पर्न आएका निवेदनमध्ये हालको पदमा सबैभन्दा ज्येष्ठ कर्मचारीले रोजेको प्राथमिकता समेतका आधारमा कामकाज गर्न खटाइनेछ । साथै रिक्त दरबन्दीमा पुग्ने गरी निवेदन प्राप्त नभएमा सम्बन्धित सेवा, समूह भित्रका कर्मचारीमध्येवाट क्रमशः कामकाज गर्न खटाउने व्यवस्था गरिनेछ ।

<u>ख. स्थानीय तहमा कार्यरत निजामती सेवाका कर्मचारीका लागि:</u>

१४. स्थानीय तहमा हाल कार्यरत निजामती सेवाका कर्मचारीलाई माथि उल्लिखित आधारका अतिरिक्त देहायका थप आधारमा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटाउन सकिनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा जिल्ला समन्वय अधिकारीको रूपमा हाल स्वीकृत भएको श्रेणी वा तह भन्दा तल्लो श्रेणी वा तहको कर्मचारीले कार्यजिम्मेवारी निर्वाह गरिरहेको अवस्थामा निजलाई सोही स्थानीय तहमा सामान्यतया निजको ईच्छा विपरित सहायक कर्मचारीको रूपमा खटाईने छैन ।

(ख) स्थानीय तहको स्वीकृत अन्तरिम संगठन संरचना र *स्थानीय सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४* प्रारम्भ हुन अगाडीदेखि स्थानीय तहमा कार्यरत कर्मचारीलाई यस मापदण्ड वमोजिम पुनः खटाउन सकिनेछ ।

(ग) कुनै भौगोलिक क्षेत्रको स्थानीय तहमा प्रचलित कानून वमोजिम न्यूनतम सेवा अवधि पुऱ्याएको निजामती कर्मचारीलाई अन्य भौगालिक क्षेत्रको स्थानीय तहमा खटाउन सकिनेछ । यसरी खटाउँदा "घ" र "ग" वर्गका भौगोलिक क्षेत्रमा न्यूनतम सेवा अवधि पूरा गरेका निजामती कर्मचारीलाई यस मापदण्ड वमोजिम "ख" र "क" वर्गका भौगोलिक क्षेत्रका स्थानीय तहमा खटाउन प्राथमिकता दिइनेछ ।

<u>ग. स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारीका लागिः</u>

१५. साविक स्थानीय निकायमा नियुक्त भई *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई गाउँ तथा नगर कार्यपालिकाले आफू अन्तर्गत खटाउँदा वडा कार्यालयमा पहिले खटाउन प्राथमिकता दिनु पर्नेछ ।

१६. जिल्ला समन्वय समितिको स्वीकृत दरवन्दी भन्दा कर्मचारी संख्या वढी भएमा सम्वन्धित जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाको मिल्दो पदमा *स्थानीय सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४* बमोजिम खटाउनु पर्नेछ । त्यसरी खटाउँदा उपलव्धताका आधारमा कर्मचारीको स्थायी बसोबास भएको र कर्मचारी अभाव भएको गाउँपालिका वा नगरपालिकाको मिल्दो पदमा खटाउन प्राथमिकता दिनुपर्नेछ ।

१७. स्थानीय तहको स्वीकृत संगठन संरचना र दरवन्दी तेरीज भन्दा वढी कर्मचारी भएका गाउँपालिका र नगरपालिकाबाट जिल्ला समन्वय समितिले दरवन्दी पदपूर्ति नभएका सोही जिल्लाका गाउँपालिका तथा नगरपालिकामा कर्मचारी समायोजन भई वा अन्य तरिकाले स्थायी पदपूर्ति नभए सम्म कामकाज गर्न यसै मापदण्ड र स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ ले तोकेको अवधि भित्र कर्मचारी खटाई मन्त्रालयलाई जानकारी दिनुपर्नेछ ।

<u>घ. सूचना प्रकाशनको विधिः</u>

१८. सेवा सञ्चालन गर्ने केन्द्रीय निकायले स्थानीय तहको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज अनुसारका पदहरुमा कर्मचारी खटाउने प्रयोजनको लागि १५ (पन्ध्र) दिनको समयावधि तोकी सूचना प्रकाशन गर्नुपर्नेछ ।

१९. यसरी प्रकाशित सूचनामा स्थानीय तहमा निजामती कर्मचारी खटाउने मापदण्डमा उल्लेखित आधारहरु समेत समावेश गर्नुपर्नेछ ।

२०. कर्मचारीहरुले कार्यालय रोज्दा भर्नुपर्ने निवेदनको ढाँचा अनुसूची १ बमोजिमको हुनेछ । उक्त फाराम मन्त्रालयको Website मा समेत राखिनेछ ।

२१. कुनै कर्मचारीले आफु खटिन चाहेको स्थानीय तहको नाम प्राथमिकताको आधारमा कम्तिमा ५ जिल्लाका १५ (पन्ध्र) वटा स्थानीय तहको नाम उल्लेख गरी अनुसूची १ बमोजिमको फाराम भरी कार्यालय प्रमुखबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ । कार्यालय प्रमुखबाट प्रमाणित गर्न नसकेमा Online मार्फत आफ्नो परिचयपत्र समेत Scan गरी उपलव्ध गराएमा पनि निवेदन पेश गरेको मानिनेछ ।

२२. स्थानीय तहको हाल खटाउन सकिने पद वा पछि रिक्त भई खटाईने पदमा समेत यसै आधारमा कर्मचारी खटाईनेछ । निजले प्राथमिकता तोकेको स्थानीय तहमा खटाउन नसकिने भएमा वा तोकिएको म्याद भित्र कुनै कर्मचारीले निवेदन नदिएमा कर्मचारी खटाउने मापदण्डको अन्य आधार हेरी खटाईनेछ ।

२३. स्थानीय तहमा काम गर्ने लेखा समूह तर्फको कर्मचारी खटाउने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले र अन्य विषयगत मन्त्रालयहरुले स्थानीय तह र अन्तर्गतका केन्द्र/उपकेन्द्र/ईकाईहरुमा कर्मचारी खटाउँदा समेत यसै मापदण्डलाई आधार मानी कर्मचारी खटाउन सक्नेछन् ।

२४. उपरोक्त सूचना अनुसार कर्मचारीहरुले भरेको विवरण प्राप्त भए पश्चात अभिलेख भिडान गरी निजको ज्येष्ठता र स्थायी ठेगाना यकिन गरिनेछ ।

२५. यसरी कर्मचारी खटाएको जानकारी मन्त्रालयको Website मार्फत सार्वजनिक गरिनेछ ।

२६. हाल स्थानीय तहमा खटिएका निजामती कर्मचारीहरुले समेत यसै आधारमा फाराम भरी पेश गर्नुपर्नेछ ।